बारागढी गाउँपालिकाद्वारा राजपत्र प्रकाशित

# बारागढी गाउँपालिका

खण्डः ६ संख्याः १ मितिः २०८०/०५/२५ गते

## भाग–२

## बारागढी गाउँपालिका

### मधेश प्रदेश, नेपाल

# सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, २०८०

**गाउँ सभाबाट स्वीकृत मितिः २०८०/०३/१० गते**
**प्रमाणिकरण मितिः २०८०/०३/१२ गते**

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूचीहरू बमोजिम स्थानीय तहको एकल अधिकार तथा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गाउँपालिकाको कार्य विभाजन नियमावली, २०७४ बमोजिम गाउँपालिकाको कार्यसम्पादनलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट विभिन्न मितिमा स्वीकृत भएको यस गाउँपालिकाको सङ्गठन संरचना र दरबन्दीलाई समसामयिक बनाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको हो।

# विषयसूची


१.१ अध्ययनको पृष्ठभूमि ........ १

१.२ कार्यदलको परिचय ........ १

१.३ अध्ययनको उद्देश्य ........ २

१.४ अध्ययनको विधि र सीमा ........ २

२.१ विद्यमान साङ्गठनिक ढाँचा ........ ३

२.२. विद्यमान दरबन्दीको अवस्था ........ ४

२.३ विद्यमान संरचना र दरबन्दी सम्वन्धमा देखिएका समस्याहरु ........ ५

२.४ कानुनी व्यवस्था ........ ६

२.५ संगठन तथा व्यवस्थापन सर्भेक्षणका सिद्धान्तहरु ........ ७

३.१ कार्यक्रम, कार्य बोझ र कार्य प्रकृतिको विश्लेषण ........ ९

३.२ नेपाल सरकारवाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहले सम्पादन गर्नुपर्ने कार्यको विश्लेषण ........ ९

३.३ उपलब्ध मानव स्रोतको आँकलन ........ ३६

३.४ परिवर्तनको औचित्य ........ ३६

४.१ प्रस्तावित साङ्गठनिक ढाँचाको व्याख्या ........ ३७

४.२ प्रस्तावित दरबन्दी विवरणको व्याख्या ........ ३७

५. कर्मचारीको तलव भत्तामा खर्च गर्नु पर्ने अनिवार्य दायित्व (वित्तीय विश्लेषण: ........ ४२

६. शाखा तथा इकाईहरुको कार्य विवरण ........ ४३

६.१ स्वास्थ्य चौकि र शहरी स्वास्थ्य केन्द्रको कार्यविवरण ........ ६५

- कार्य विशिष्टीकरण - मिल्दो वा एकै प्रकृतिकोको कार्य एकै ठाउँमा राख्ने सिद्धान्त अनुरूप सङ्गठन संरचना प्रस्ताव गरिएको,
- कार्य बोझ र दरबन्दीको किसिम, तह र सङ्ख्याबिच तालमेल मिलाइएको,
- प्रत्येक पदमा आसीन कर्मचारीले हप्तामा ४० घण्टा काम गर्नु पर्ने। कुनै एक दरबन्दी सृजनाको लागि प्रत्येक हप्ता ४० घण्टाको कार्य बोझ (work load) हुनुपर्ने गरी दरबन्दी प्रस्ताव गरिएको,
- दरबन्दी संरचनालाई यथासम्भव घटाइ उपयुक्त आधारमा ल्याइएको,
- सूचना प्रविधिको प्रयोगबाट सङ्गठनको अभिलेख व्यवस्थापन कार्य सरलीकरण, समयको बचत, स्थान व्यवस्थापन (space management) कार्य दक्षतामा हासिल गर्ने सङ्गठन तथा कार्यविधिलाईई IT based बनाउने प्रयास गरिएको,
- सङ्गठन तथा दरबन्दी सिर्जना गर्दा कार्य बोझका आधारमा संरचनाको सिद्धान्त (Structure Based on workload), सङ्गठनात्मक संरचनाको आधारमा जनशक्तिको सिद्धान्त (Staffing based on Functions and Structure), आयतन लाभको सिद्धान्त (Economies of Scale) र सेवा प्रवाहको सुनिश्चितता (Certainty of Service Delivery) लाई ध्यानमा राखी उपयुक्त सङ्गठन संरचना र दरबन्दी सृजना गरिएको।





# भाग - १

## १.१ अध्ययनको पृष्ठभूमि

सरकारी कार्यालयहरूमा सङ्गठन तथा जनशक्ति विस्तार तथा सङ्कुचन गर्दा निश्चित आधार सहितको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने कानुनी व्यवस्था निजामती सेवा ऐन, २०४९ ले गरेको छ। निजामती सेवा ऐनको दफा ६क को उपदफा (२) अनुसार कुनै नयाँ सरकारी कार्यालय स्थापना गर्न सङ्गठन संरचना तयार गर्दा र नयाँ दरबन्दी सिर्जना गर्दा वा तत्काल कायम रहेको सङ्गठन संरचना र दरबन्दीमा पुनरावलोकन गर्दा वा हेरफेर गर्दा सम्बन्धित मन्त्रालयले कार्यक्रम, कार्य बोझ, कार्य प्रकृति तथा दरबन्दी थप गर्नुपर्ने कारण र सोको औचित्य तथा उपलब्ध मानव स्रोत समेतको आधारमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी अर्थ मन्त्रालयको सहमति लिई सामान्य प्रशासन मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। यस्तै उपदफा (२क) मा व्यवस्था भए अनुरूप अर्थ मन्त्रालयबाट प्राप्त सहमतिको आधारमा सामान्य प्रशासन मन्त्रालयले सोको मूल्याङ्कन गरी स्वीकृतिको लागि नेपाल सरकार, मन्त्रिपरिषद् समक्ष पेस गर्नु पर्नेछ भन्ने उल्लेख छ ।

नेपालको संविधानको अनुसूचीहरू बमोजिम स्थानीय तहको एकल अधिकार तथा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गाउँपालिकाको कार्य विभाजन नियमावली, २०७४ बमोजिम गाउँपालिकाको कार्यसम्पादनलाई प्रभावकारी बनाउनका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट विभिन्न मितिमा स्वीकृत भएको यस गाउँपालिकाको सङ्गठन संरचना र दरबन्दीलाई समसामयिक बनाउनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरिएको हो।

## १.२ कार्यदलको परिचय

बारागढी गाउँपालिका र समिका अनुसन्धान तथा तालिम केन्द्र (Samika Research and Training Center), ललितपुरबिच गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने सम्झौता भए बमोजिम समिका अनुसन्धान तथा तालिम केन्द्र, ललितपुरका विशेषज्ञहरूबाट यो सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य सम्पादन भएको हो। सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको क्रममा केन्द्रबाट गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, गाउँपालिकाका सदस्यहरू, वडा अध्यक्ष, वडा सदस्यहरू, प्रमुख

प्रशासकीय अधिकृत तथा विषयगत शाखाका प्रमुखहरुसँग छलफल गरी वहाँहरूको सक्रिय सहभागिता र सल्लाह लिइएको थियो।

केन्द्रले तयार गरेको प्रतिवेदन गाउँ कार्यपालिकाका सदस्यहरूसँग छलफल गरी अन्तिम रूप दिइएको हो। यसर्थ यस कार्यमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, गाउँ कार्यपालिकाका सदस्यहरू, वडा अध्यक्ष, वडा सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत तथा विषयगत शाखाका प्रमुखहरुको संलग्नता रहेको छ

## १.३ अध्ययनको उद्देश्य

- स्थानीय तहको एकल अधिकार तथा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार, प्रदेश र स्थानीय तहको साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन र कर्मचारी समायोजन ऐन बमोजिम गाउँपालिकाको सङ्गठन संरचना र दरबन्दी तेरिज स्वीकृतिका लागि सिफारिस गर्ने,
- प्रस्ताव गरिएका शाखाहरूको कार्य विवरण सिफारिस गर्ने ।

## १.४ अध्ययनको विधि र सीमा

केन्द्रले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका सर्वमान्य सिद्धान्त, गाउँपालिकाका नेपालको संविधानमा उल्लिखित एकल तथा साझा अधिकार, स्थानीय सरकार सञ्चालन ऐन बमोजिम केन्द्रका अधिकार समेतको आधारमा गाउँपालिकाको सङ्गठन संरचना, दरबन्दी तेरिज तथा शाखाहरूको कार्य विवरण, कार्यक्रम, कार्य बोझ र कार्य प्रकृतिको अध्ययन विश्लेषण, गाउँ कार्यपालिकाका सदस्यहरूबाट प्राप्त राय/सुझावहरू तथा विगतका अध्ययन प्रतिवेदनहरूको विश्लेषण समेतको आधारमा यो प्रतिवेदन तयार गरिएको छ। प्रस्तावित शाखाहरुमा कार्य गर्नका लागि दरबन्दी सृजना भई कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गाउँपालिकाको सङ्गठन संरचना तथा कर्मचारी दरबन्दी पुनरावलोकन गर्नु परेको र गाउँपालिकाको संरचनालाई समयानुकूल बनाउन गर्नुपर्ने आवश्यक परिवर्तन गर्नका लागि तोकिएको छोटो समयमा नै यो सङ्गठन संरचना र दरबन्दी विवरण तयार गरिएको छ।





औषधि उपचार सम्बन्धित बिदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्योहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ।

**उपदफा** (५) उपदफा (३) बमोजिम दरबन्दीको प्रस्ताव तयार गर्दा सेवा करारको लागि चाहिने तलब, भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्योहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ।

**उपदफा** (६) स्थानीय तहको सेवा सञ्चालनको लागि अस्थायी दरबन्दी सिर्जना गर्न सकिने छैन।

**उपदफा** (७) गाउँपालिका तथा नगरपालिकाले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा कुनै कार्य सम्पादन गर्न विशेषज्ञ सेवा आवश्यक पर्ने भई सेवा करारबाट कार्य सम्पादन गर्दा उपयुक्त र प्रभावकारी हुने देखेमा सेवा करारबाट त्यस्तो कार्य गर्न सक्नेछ।

**उपदफा** (८) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भए तापनि गाउँपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ। सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न पाइने छैन।

**उपदफा** (९) उपदफा (७) र (८) बमोजिम सेवा करारबाट नियुक्त गरिएका कर्मचारीको सेवा अवधि, पारिश्रमिक तथा अन्य सुविधा सोही करारमा उल्लेख भए बमोजिम हुनेछ।

**उपदफा** (१०) यस दफा बमोजिम तयार गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सभाबाट स्वीकृत गराउनु पर्नेछ।

**ख. कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा (१०)** कर्मचारी समायोजनको कार्य सम्पन्न भई सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार सङ्गठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्नेछन्। सम्बन्धित प्रदेश वा स्थानीय तहबाट अनुरोध भई आएमा नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ।

## २.५ संगठन तथा व्यवस्थापन सर्भेक्षणका सिद्धान्तहरु

बारागढी गाउँपालिका, बाराको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका क्रममा देहायका सिद्धान्तहरू अवलम्बन गरिएको छ।

दरबन्दी सृजना गरी कर्मचारी समायोजन भई आएको छ। हालसम्म यस गाउँपालिकामा स्थायी र करार गरी १०० जना को दरबन्दी स्वीकृत गरी विभिन्न काममा खटाइएको देखिन्छ। उक्त दरबन्दीबाट मात्र गाउँपालिकाको सम्पूर्ण कार्यहरू सम्पादन गर्न कठिन भएको हुँदा सङ्गठन तथा व्यवस्थापन गरी महाशाखा र शाखाहरूको दरबन्दीहरूको मिलान एवं थप सृजना गर्नुपर्ने देखिन्छ।

त्यस्तै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ को उपदफा (१०) मा कर्मचारी समायोजनको कार्य समाप्त भएपश्चात् प्रदेश र स्थानीय तहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धित निकायले आफैंले गर्न सक्ने व्यवस्था भए बमोजिम सङ्घबाट कर्मचारी समायोजनको काम समेत समापन भएकाले गाउँपालिकाको दरबन्दी पुनरावलोकनका लागि समेत यो सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपरेको हो।

## २.४ कानुनी व्यवस्था

बारागढी गाउँपालिका, बाराको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका लागि देहायका कानुनी आधारहरू रहेका छन् ।

### क. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को

**उपदफा** (१) गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्य बोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपालिका वा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नु पर्नेछ।

**उपदफा** (२) उपदफा (१) बमोजिमको सङ्गठन संरचनामा हरेक वडाको सङ्गठन संरचना समेत समावेश भएको हुनु पर्नेछ।

**उपदफा** (३) प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिका वा नगरपालिकाको अधिकार क्षेत्र तथा कार्य बोझ समेतको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्नु पर्नेछ।

**उपदफा** (४) उपदफा (३) बमोजिम कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तिभरण,






## भाग - २

### २.१ विद्यमान साङ्गठनिक ढाँचा

साबिकमा नेपाल सरकार(मन्त्रिपरिषद्) बाट स्वीकृत भएको बारागढी गाउँपालिकाको सङ्गठन संरचना देहाय बमोजिम रहेको छ ।

बारागढी गाउँपालिका, बारा, गाउँ कार्यपालिकाको कार्यालयको संगठन संरचना



## २.२. विद्यमान दरबन्दीको अवस्था

### बारागढी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय, बाराको दरवन्दी तेरिज

| क्र.सं. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरबन्दी | बाँकी दरबन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | | १ | | | |
| २ | इन्जिनियर | ६ औं | इन्जि. | सिभिल | | १ | १ | - | |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | | २ | | २ | |
| ६ | आन्तरिक लेखापरीक्षक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ७ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ४ | | ४ | |
| ८ | कम्प्यूटर अपरेटर | ५ औं | विविध | | | १ | | १ | |
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| १० | प्रा.स. | ५ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ११ | हे.अ. | ५/६ औं | स्वास्थ्य | हे.ई. | | १ | | १ | |
| १२ | सव-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | २ | | २ | |
| १३ | अ.सव.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | १ | | १ | |
| १४ | स. महिला विकास निरिक्षक | चौथो | विविध | | | १ | | १ | |
| १५ | खा.पा.स.टे. | चौथो/पाचौ | इन्जि. | सिभिल | स्यानीटरी | १ | | १ | |
| **कार्यालय तर्फ जम्मा** | | | | | | २० | १ | १८ | |
| **वडा कार्यालय (६ वटा)** | | | | | | | | ० | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | १ | | १ | |
| २ | सव-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | २ | | २ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ५ | ५ | ० | |
| ४ | अ. सव-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ४ | | ४ | |
| **वडा कार्यालय तर्फ जम्मा** | | | | | | **१२** | **५** | **७** | |
| **कुल जम्मा** | | | | | | **३२** | ६ | **२५** | |



बारागढी गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण

नोट : कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत सङ्गठन संरचनाअनुसारको मिल्दो चौथो तहमा कामकाज लगाउन सकिनेछ । त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणबाट रिक्त भएमा सो पद स्वतः खारेज हुनेछ।

सङ्गठन संरचना भित्र नपरेका सरसफाइ, दमकल सञ्चालन, एम्बुलेन्स सञ्चालन, नगर प्रहरी जस्ता स्थायी कर्मचारीलाई हाल कार्यरत रहेकै पदमा कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणबाट रिक्त भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कामकाज गराउनु पर्नेछ ।

स्थानीय तहमा समायोजन भएका खा.पा.स.टे. चौथो र पाँचौं कर्मचारीहरूलाई निजहरूको शैक्षिक योग्यता समेतको आधारमा सब-ई., अ.स.ई. वा प्रा.स. को पदमा कामकाज लगाउन सकिनेछ ।

यस दरबन्दी भन्दा बाहेक गाउँपालिकाका स्थायी कर्मचारीहरूले गाउँपालिकाले खटाए बमोजिमको काम गर्नु पर्ने छ ।

कृषि र पशु तर्फको दरबन्दी

| क्र.सं. | पद | तह | सेवा | समूह | दरबन्दी | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कृषि अधिकृत | ७/८ औं | कृषि | कृषि | १ | | | १ | |
| २ | पशु विकास अधिकृत | ७/८ औं | कृषि | भेटेरिनरी | १ | | | १ | |
| ३ | प्रा. स. | ५ औं | कृषि | कृषि | २ | | | २ | |
| ४ | प्रा. स. | ५ औं | कृषि | भेटेरिनरी | १ | | | १ | |
| ५ | प्रा. स. | ५ औं | कृषि | लपोडेडे | १ | | | १ | |
| ६ | ना.प्रा.स. | ४ औं | कृषि | कृषि | १ | | | १ | |
| ७ | ना.प्रा.स. | ४ औं | कृषि | भेटेरिनरी | १ | | | १ | |
| ८ | ना.प्रा.स. | ४ औं | कृषि | लपोडेडे | १ | | | १ | |
| | | | | **जम्मा** | **९** | | | **९** | |
| | | | | **कृषि तथा पशुतर्फ र नगर कार्यपालिका र वडाको कुल जम्मा** | **४१** | | | **४०** | |

## २.३ विद्यमान संरचना र दरबन्दी सम्वन्धमा देखिएका समस्याहरु

नेपाल सरकार, मन्त्रिपरिषद्को विभिन्न मितिका निर्णय बमोजिम यस गाउँपालिकाको कूल ४१ वटा दरबन्दीहरू स्वीकृत भएको छ। जसमध्ये प्रमुख प्रशासकीय अधिकृत सङ्को दरबन्दी रहेको र बाँकी ४० दरबन्दीहरू गाउँपालिकाको रहने गरी निर्णय भएको छ। त्यसपश्चात् विभिन्न समयमा

| ९. आधारभूत स्वास्थ्य र सरसफाई | झ. आधारभूत स्वास्थ्य र सरसफाई |
|---|---|
| ९.१ आधारभूत स्वास्थ्य र सरसफाई सम्वन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन तथा नियमन<br>९.२ आधारभूत स्वास्थ्य सेवा संचालन र प्रवर्द्धन<br>९.३ अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन<br>९.४ स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन<br>९.५ स्वस्थ खानेपानी र खाद्य पदार्थको गुणस्तर एवं वायु तथा ध्वनि प्रदूषण नियन्त्रण<br>९.६ सरसफाई सचेतना अभिवृद्धि र स्वास्थ्यजन्य फोहोर व्यवस्थापन<br>९.७ स्वास्थ्यजन्य फोहरमैला संकलन, पुनर्उपयोग, प्रशोधन, विसर्जन, सेवा शुल्क निर्धारण र नियमन<br>९.८ रक्त संचार सेवा, स्थानीय तथा शहरी स्वास्थ्य सेवा<br>९.९ औषधि पसल सञ्चालन र नियमन<br>**<u>संविधानको अनुसूची ९ को ३ बाट स्वास्थ्य सम्बन्धी</u>**<br>३.१ राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र मापदण्ड बमोजिम स्थानीय स्तरको लक्ष्य र गुणस्तर निर्धारण<br>३.२ राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल र नर्सिङ्गहोम, निदान केन्द्र र अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन<br>३.४ स्थानीय स्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण<br>३.५ स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रम व्यवस्थापन<br>३.६स्थानीय स्तरमा औषधी तथा अन्य मेडिकल उत्पादनहरुको न्यूनतम मूल्य निर्धारण तथा नियमन<br>३.७ स्थानीय स्तरमा औषधिको उचित प्रयोग र सूक्ष्म जीव निरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण<br>३.८ स्थानीय स्तरमा औषधी र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण<br>३.९ स्थानीय स्तरमा स्वास्थ्य सूचना प्रणाली व्यवस्थापन<br>३.१० स्थानीय स्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) | १) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,<br>२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्धन,<br>३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा संचालन,<br>४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पुर्वाधारविकास तथा व्यवस्थापन,<br>५) स्वच्छ खानेपानी तथा खाध्य पदार्थको गुणस्तर र वायू तथा ध्वनिको प्रदुषण नियन्त्रण र नियमन,<br>६) सरसफाई सचेतनाको अभिबृध्दि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,<br>७) स्वास्थ्यजन्य फोहोरमैला संकलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,<br>८) रक्त संचार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा संञ्चालन,<br>९) औषधि पसल संचालन, अनुमति, अनुगमन र नियमन,<br>१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैर सरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,<br>११) परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा संञ्चालन, अनुमति, अनुगमन तथा नियमन,<br>१२) महिला तथा बालवालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन । |





# भाग - ३

## ३.१ कार्यक्रम, कार्य बोझ र कार्य प्रकृतिको विश्लेषण

नेपालको संविधानको अनुसूचीमा रहेका स्थानीय तहका एकल तथा साझा अधिकार सूची, गाउँपालिकाद्वारा स्वीकृत कार्य विभाजन नियमावली, २०७४ लाई आधार लिई यस गाउँपालिकाको सङ्गठन संरचना, दरबन्दी र कार्य विवरण तयार गरिएको छ। सोही अनुसार यस गाउँपालिकामा हाललाई प्रमुख प्रशासकीय अधिकृत सङ्को रहने गरी साबिकका शाखा र इकाईहरूका कार्यहरूका आधारमा एकीकृत र खण्डित गरिएको हो। गाउँपालिका अन्तर्गत विभिन्न शाखाहरू र इकाईहरू रहने गरी प्रस्ताव गरिएको छ। गाउँपालिकामा स्वास्थ्य संस्था वाहेक कुल १०० वटा दरबन्दी प्रस्ताव गरिएको छ। यस दरबन्दीभित्र गाउँपालिका अन्तर्गतका सबै शाखा इकाई, वडा कार्यालय, कृषि सेवा केन्द्र, र नगर प्रहरी तर्फको विवरण समेटिएको छ। जसमध्ये ३२ कर्मचारी स्थायी पदपूर्ति हुने गरी प्रस्तावित गरिएको छ भने बाँकी दरबन्दीहरू करार/ज्यालादारीमा पदपूर्ति गर्ने गरी प्रस्ताव गरिएको छ। करार/ज्यालादारीमा पदपूर्ति गर्ने गरी प्रस्ताव गरिएका पदहरू विशेष गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेका कार्यालय सहयोगी, हेभी सवारी चालक, हलुका सवारी चालक, पाले, स्वीपर जस्ता श्रेणीविहीन दरबन्दीहरू रहेका छन्। प्रस्तावित दरबन्दी गाउँपालिकाको वित्तीय श्रोत तथा कामको बोझका आधारमा एकै पटक नभई पटक पटक गरी पदपूर्ति गर्न समेत सिफारिस गरिएको छ। सङ्गठन संरचना र दरबन्दी विवरण क्रमशः अनुसूची-१ र २ मा उल्लेख गरिएको छ। शाखा तथा इकाईहरूको कार्य विवरण यसै प्रतिवेदनको अनुसूची ३ मा संलग्न गरिएको छ।

## ३.२ नेपाल सरकारवाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा स्थानीय तहले सम्पादन गर्नुपर्ने कार्यको विश्लेषण

नेपाल सरकारले तायार पारी स्वीकृत गरेको कार्य विस्तृतीकरण प्रतिवेदनमा उल्लेखत र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित स्थानीय तहले सम्पादन गर्नुपर्ने कार्यहरुका सम्बन्धमा भएको व्यवस्था तुलनात्मक रुपमा तपसील बमोजिम देखाइएको छ।

| संविधानको अधिकार सूचीका विषयको विस्तृतीकरण (नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदनमा उल्लेखित) | स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहको काम, कर्तव्य र अधिकार |
|---|---|

| १. नगर प्रहरी | क. नगर प्रहरी |
|---|---|
| १.१ स्थानीय सरकारले तर्जुमा गरी लागू गरेका नीति, कानून मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग,<br>१.२ स्थानीय सरकारको सम्पत्ति संरक्षण<br>१.३ स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा, जात्रा चाडपर्व आदि व्यवस्थापनमा सहयोग पुर्याउने<br>१.४ स्थानीय बजार,पार्किङ्गस्थल व्यवस्थापनमा सहयोग<br>१.५ स्थानीय नगर कार्यपालिकाले तोकेका नगर गाउँ प्रहरी सम्बन्धी नीति, योजना, कार्यक्रम बमोजिमका कार्य<br>१.६ स्थानीय कानून बमोजिम नगर सरसफाई सम्बन्धी मापदण्ड कार्यान्वयन र कसूर उपर छानवीन र अनुसन्धान<br>१.७ स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग<br>१.८ स्थानीय तहको कार्यालय परिसर, सम्पदा, सार्वजिनक, ऐलानी, पर्तिजग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा<br>१.९ विपद व्यवस्थापनमा सहयोग<br>१.१० अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग<br>१.११ संघीय तथा प्रदेश कानूनको अधिनमा रहि नगरप्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन | १. नगर प्रहरीको गठन, सन्चालन, व्यवस्थापन, नियमन तथा नगरप्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन,<br>२. देहायका कार्यमा सहयोग पु-याउनको लागि नगर प्रहरीको परिचालन गर्न सक्नेः-<br>३. गाउँपालिका वा नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,<br>४. गाउँपालिका वा नगरपालिकाको सम्पत्तीको सुरक्षा र संरक्षण,<br>५. स्थानीय स्तरमा हुने सभा, समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा र व्यवस्थापन,<br>६. स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,<br>७. गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,<br>८. न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,<br>९. सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,<br>१०. विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,<br>११. अनधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण,<br>१२. छाडा पशु चौपायाको नियन्त्रण,<br>१३. अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,<br>१४. कार्यपालिकाले तोकेको अन्य कार्य । |





| | |
|---|---|
| ८.१२ स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन तथा व्यवस्थापन<br>८.१३ माध्यमिक तह सम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन | ६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,<br>७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,<br>८) विद्यालयको नामाकरण,<br>९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,<br>१०) विद्यालयको गुणस्तर अभिवृध्दि तथा पाठ्यसामग्रीको वितरण,<br>११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,<br>१२) विद्यालयको नक्शाँकन, अनुमति, स्वीकृती, समायोजन तथा नियमन,<br>१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,<br>१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,<br>१५) विध्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,<br>१६) निःशुल्क शिक्षा, विध्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,<br>१७) ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,<br>१८) स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,<br>१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,<br>२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,<br>२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,<br>२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,<br>२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन । |

| | |
|---|---|
| ७.७ स्थानीय तहका सरकारी भवन, विद्यालय, सामुदायीक भवन, सभागृह तथा अन्य सार्वजनिक भवन र संरचना निर्माण र मर्मत संभार<br>७.८ संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग | ६) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,<br>७) सरकारी भवन, बिध्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण, मर्मत संभार तथा सञ्चालन र व्यवस्थापन,<br>८) संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,<br>९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याँकन,<br>१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको "घ" बर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,<br>११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्ध्दन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,<br>१२) नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,<br>१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य । |
| **८. आधारभूत तथा माध्यमिक शिक्षा** | **ज. आधारभूत र माध्यमिक शिक्षा** |
| ८.१ प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक (गुरुकुल, मदरसा, गुम्वा आदि) एवम् निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br>८.२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन<br>८.३ पाठ्यक्रम र पाठ्यसामग्री वितरण र कार्यान्वयन<br>८.४ विद्यालय शिक्षक एवं कर्मचारीको व्यवस्थापन<br>८.५ विद्यालय नक्शाङ्कन, विद्यालयको अनुमति, स्वीकृति, समायोजन र नियमन<br>८.६ शैक्षिक पूर्वाधार निर्माण र मर्मत संभार<br>८.७ आधारभूत तह (कक्षा ८) को परीक्षा व्यवस्थापन<br>८.८ विद्यार्थी सिकाई उपलब्धी परीक्षण र व्यवस्थापन<br>८.९ विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन<br>८.१० शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन<br>८.११ स्थानीय तहका शैक्षिक ज्ञान, सिप र प्रविधि संरक्षण, प्रबर्द्धन र स्तरीकरण | १) प्रारंभिक बाल विकासत तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याँकन र नियमन,<br>२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,<br>३) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याँकन र नियमन,<br>४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,<br>५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन, |





| **२. सहकारी संस्था** | **ख. सहकारी संस्था** |
|---|---|
| २.१ सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन<br>२.२ स्थानीय सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन<br>२.३ सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड, नियमन<br>२.४ सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य<br>२.५ सहकारी सम्वन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान<br>२.६ स्थानीय सहकारी सम्वन्धी क्षमता अभिवृद्धि<br>२.७ स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन<br>२.८ सहकारी संस्थाको प्रवर्द्धन र विकास | १) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,<br>२) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्र भित्र संचालित हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,<br>३) सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड, नियमन,<br>४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य,<br>५) सहकारी सम्वन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,<br>६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,<br>७) स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास |
| **३. एफ. एम.सञ्चालन** | **ग. एफ. एम.सञ्चालन** |
| ३.१ १०० वाट सम्मका एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण र नियमन<br>३.२ स्थानीय क्षेत्र भित्र इन्टरनेट सेवा, टेलिसेन्टर र स्थानीय केबुल तथा तार विहिन टेलीभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन | १) १०० वाट सम्मका एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण,नियमन र खारेज,<br>२) प्रदेश कानूनको अधीनमा रही एफ.एफ. सञ्चालन सम्बन्धी अन्य कार्य । |

| | |
|---|---|
| **४. स्थानीय कर (सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन (अनुसूची ९ (६) बाट समेत)** | **घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर** |
| ४.१ आर्थिक कार्यविधि सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन<br>४.२ बजेट सीमा, निर्धारण, तर्जुमा, कार्यान्वयन र नियमन<br>४.३ स्थानीय सञ्चितकोष व्यवस्थापन<br>४.४ आर्थिक प्रशासन र व्यवस्थापन<br>४.५ स्थानीय तहको लगानी र लाभांशको व्यवस्थापन<br>४.६ स्थानीय तहको विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष एवं अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण, लेखा तथा लेखापरीक्षण<br>४.७ सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत, वहाल विटौरी घर जग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन व्यवसायिक कर सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन, बाँडफाँड, संकलन र नियमन,<br>४.८ स्थानीय पूर्वाधार तथा सेवामा शुल्क निर्धारण र संकलन र व्यवस्थापन<br>४.९ ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग र न्याफ्टिङ्ग शुल्क<br>४.१० स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन<br>४.११ राजस्व सूचना तथा तथ्यांकको आदान प्रदान<br>४.१२ स्थानीय तहमा राजस्व नियन्त्रण सम्वन्धी नीति, कानुन, मापदण्ड र नियमन<br>४.१३ स्थानीय पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन | १) संघीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,<br>२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, संङ्कलन र व्यवस्थापन,<br>३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, -याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,<br>४) जडिबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा संङ्कलन,<br>५) स्थानीय राजश्वको आधार विस्तार तथा प्रवर्द्धन,<br>६) ढुंङ्गा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुंङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन,<br>७) सिफारिश, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र सङ्कलन,<br>८) स्थानीय राजश्व प्रवर्द्धनका लागि प्रोत्साहन,<br>९) राजश्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,<br>१०) संङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजश्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,<br>११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,<br>१२) मालपोत संकलन,<br>१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य । |
| **५. स्थानीय सेवाको व्यवस्थापन** | **ङ. स्थानीय सेवाको व्यवस्थापन** |
| ५.१ स्थानीय सेवाको व्यवस्थापन सम्वन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन<br>५.२ संविधानको धारा ३०२ समेतका आधारमा कर्मचारी समायोजन पछि वित्तीय स्रोतका अधिनमा | १) स्थानीय सेवाको व्यवस्थापन सम्वन्धी नीति, मापदण्ड, सेवाशर्त, योजना, कार्यान्वयन र नियमन |





| | |
|---|---|
| रहि आवश्यकता अनुसार कानूनबमोजिम स्थानीय सेवाको गठन, संचालन र व्यवस्थापन<br>५.३ स्थानीय तहको संगठन विकास,जनशक्ति व्यवस्थापन र वृत्ति विकास<br>५.४ संक्रमणकालीन व्यवस्थापन अन्तर्गत केन्द्रीय सरकारबाट स्थानीय तहमा समायोजन भई आउने कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय<br>५.५ कानून बमोजिम स्थानीय तहको संगठन संरचना तथा दरबन्दी निर्धारण<br>५.६ स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियम | २) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,<br>३) संगठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास<br>४) संघीय कानून बमोजिम संगठन तथा व्यवस्थापन सर्भे गरी संगठन संरचना तथा दरबन्दी निर्धारण,<br>५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन,<br>६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,<br>७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य । |
| **६. स्थानीय तथ्यांक र अभिलेख संकलन (अनुसूची ९ को ११ समेत)** | **च. स्थानीय तथ्यांक र अभिलेख संकलन** |
| ६.१ स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br>६.२ बेरोजगारको तथ्याङ्क सहित स्थानीय तहका आधारभूत तथ्याङ्क संकलन र व्यवस्थापन<br>६.३ पञ्जीकरण व्यवस्थापन<br>६.४ स्थानीय तहको तथ्याङ्कीय अभिलेख व्यवस्थापन | १) स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,<br>२) आधारभूत तथ्याङ्क संकलन र व्यवस्थापन,<br>३) जन्म, मृत्यू, विवाह, सम्बन्ध विच्छेद, बसाँइ सराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जिकरण व्यवस्थापन,<br>४) सूचना तथा सञ्चार प्रविधीयुक्त आधारभूत तथ्यांकको संकलन र व्यवस्थापन<br>५) स्थानीय तथ्यांक र अभिलेख संकलन सम्बन्धी अन्य कार्य । |
| **७. स्थानीय स्तरका विकास आयोजना परियोजनाहरु** | **छ. स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु** |
| ७.१ स्थानीय स्तरका आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरुको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन<br>७.२ अध्ययन, अनुसन्धान, आयोजना प्रभाव मुल्याङ्कन<br>७.३ स्थानीय तहका संभाव्य प्राकृतिक श्रोत, साधनको अभिलेख (प्रोफाईल) तयार गर्ने<br>७.४ स्थानिय स्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना र नियमन<br>७.५ सहरी विकास, बस्ती विकास र भवन सम्बन्धी स्थानिय तहको नीति, कानून, मापदण्ड र योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वियन र नियमन<br>७.६ राष्ट्रिय भवन संहिता र मापदण्ड बमोजिम भवन निर्माण अनुमति र नियमन | १) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याँकन र नियमन,<br>२) आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याँकन,<br>३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याँकन,<br>४) संभाव्य प्राकृतिक स्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,<br>५) संघीय तथा प्रदेश कानूनका अधीनमा रही शहरी विकास, वस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्वन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वियन र नियमन, |

| | |
|---|---|
| १९.३ **वैकल्पिकऊर्जा**<br>१९.३.१ स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>१९.३.२ स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि एवं प्रवर्द्धन | |
| **२०. विपद व्यवस्थापन**<br>२०.१ विपद व्यवस्थापन सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वियन र नियमन<br>२०.२ स्थानीय स्तर विपद् पूर्व तयारी तथा प्रति कार्ययोजना<br>२०.३ स्थानीय स्तरमा विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय<br>२०.४ विपद् जोखिम क्षेत्रको नक्सांकन, बस्तीहरूको पहिचान र स्थानान्तरण<br>२०.५ विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य<br>२०.६ विपद् कोष स्थापना तथा संचालन र स्रोत साधनको परिचालन<br>२०.७ विपद् जोखिम न्यूनीकरणका स्थानीय स्तर आयोजना तर्जुमा, कार्यान्वयन र नियमन<br>२०.८ विपद् पश्चात स्थानीय स्तरको पुनस्थापन र पुनर्निर्माण<br>२०.९ स्थानीय स्तरको विपद सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान<br>२०.१० स्थानीय आपत कालीन कार्यसञ्चालन प्रणाली | **न. विपद् व्यवस्थापन**<br>१) विपद् व्यवस्थापन सम्वन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना को कार्यान्वियन, अनुगमन र नियमन,<br>२) स्थानीय स्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्री को पूर्वभण्डारण, वितरण र समन्वय,<br>३) स्थानीय तटवन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,<br>४) विपद् जोखिम क्षेत्रको नक्सांकन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,<br>५) विपद व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघसंस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय रसहकार्य,<br>६) विपद् व्यवस्थापन कोषको स्थापना तथा संचालन र स्रोत साधनको परिचालन,<br>७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीय स्तरका आयोजनाको तर्जुमा, कार्यान्वियन, अनुगमन र नियमन,<br>८) विपद् पश्चात स्थानीय स्तरको पुनस्थापन र पुनर्निर्माण,<br>९) स्थानीय स्तरको विपद सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,<br>१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,<br>११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,<br>१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य । |
| **२१. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण**<br>**२१.१ जलाधार तथा वन्यजन्तु**<br>२१.१.१ जलाधार तथा वन्यजन्तु सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br>२१.१.२ प्राकृतिक प्रकोप रोकथाम र पूर्व तयारी | **प. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण**<br>१) जलाधार,वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,<br>२) पानी मुहानको संरक्षण,<br>३) सामुदायिक भू संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम, |





| | |
|---|---|
| ३.११ स्थानीय स्तरको प्रर्वधनात्मक र प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थानात्मक र प्यालिएटिभ स्वास्थ्य सेवा सञ्चालन<br>३.१२ स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन<br>३.१३ जुनोटिक र कीटजन्य रोग नियन्त्रण तथा व्यवस्थापन<br>३.१४ सुर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि<br>३.१५ आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवा व्यवस्थापन<br>३.१६ स्थानीय स्तरमा जनस्वास्थ्य आपत्कालीन स्वास्थ्य, महामारी नियन्त्रण योजना र कार्यान्वयन<br>३.१७ स्थानीय स्तरमा सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम<br>३.१८ आकस्मिक स्वास्थ्य सेवा प्रवाह | |
| **१०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता (अनुसूची ९ (७) समेत)** | **ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता** |
| **१०.१ स्थानीय बजार व्यवस्थापन**<br>१०.१.१ स्थानीय व्यापार/वाणिज्य, माग/आपूर्ति, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता अधिकार एवं हित सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वियन र नियमन<br>१०.१.२ स्थानीय बजार तथा हाट बजार व्यवस्थापन<br>१०.१.३ स्थानीय वस्तुहरूको उत्पादन आपूर्ति तथा निकासी प्रक्षेपण मूल्य निर्धारण र अनुगमन<br>१०.१.४ स्थानीय व्यापार/वाणिज्य सम्बन्धी पूर्वाधार<br>१०.१.५ स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन<br>१०.१.६ स्थानीय स्तरका व्यापारिक फर्म दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन<br>१०.१.७ स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान<br>१०.१.८ निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य<br>१०.१.९ स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन<br>१०.१.१० स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन | १) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वियन र नियमन,<br>२) बजार तथा हाट बजार व्यवस्थापन<br>३) स्थानीय वस्तुहरूको उत्पादन आपूर्ति तथा निकासी प्रक्षेपण मूल्य निर्धारण र अनुगमन,<br>४) स्थानीय व्यापार र वाणिज्य सम्वन्धी पूर्वाधार निर्माण,<br>५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,<br>६) स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,<br>७) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,<br>८) निजी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य, |

| | |
|---|---|
| १०.१.११ उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु एवं सेवाको गुणस्तर परीक्षण<br><br>**१०.२ वातावरण संरक्षण र जैविक विविधता**<br><br>१०.२.१ स्थानीय वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br>१०.२.२ स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण<br>१०.२.३ स्थानीय स्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन<br>१०.२.४ स्थानीय स्तरमा सरसफाई र फोहर व्यवस्थापन<br>१०.२.५ स्थानीय स्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन<br>१०.२.६ स्थानीय स्तरमा हरित क्षेत्र प्रवर्द्धन<br>१०.२.७ स्थानीय स्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन | ९) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,<br>१०)स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,<br>११)उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु एवं सेवाको गुणस्तर परीक्षण,<br>१२)वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानिय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन रनियमन,<br>१३)स्थानीय स्तरमा वातावरणीय जोखिम न्यूनीकरण<br>१४)स्थानीय स्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदुषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,<br>१५)स्थानीय स्तरमा सरसफाई र फोहोरमैला व्यवस्थापन,<br>१६)स्थानीय स्तरमा न्यून कार्वनमुखी तथा वातावरण मैत्री विकास अवलम्बन,<br>१७)स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन,<br>१८)स्थानीय स्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,<br>१९)स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अन्य कार्य । |
| **११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ (अनुसूची ९(५) समेतबाट)** | **ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ** |
| ११.१ स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br><br>११.२ स्थानीय सडक, ग्रामीण सडक, कृषी सडक, झोलुङ्गे पुल, पुलेसा, सिंचाइ र तटबन्धन सम्वन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, | १) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिंचाइ सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,<br>२) स्थानीय, ग्रामीण तथा कृषी सडक, झोलुङ्गे पुल, पुलेसा, सिंचाइ र तटबन्धन सम्बन्धी |





| | |
|---|---|
| १८.२ स्थानीय तहमा कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन<br>१८.३ कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण<br>१८.४ बिउ विजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरुको आपूर्ति, उपयोग र नियमन<br>१८.५ कृषक समूह, सहकारी र स्थानीय सम्वद्ध संघसंस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन<br>१८.६ स्थानीय स्तरमा कृषि सम्बन्धी प्रविधि संरक्षण र हस्तान्तरण<br>१८.७ कृषिसम्वन्धी सूचना प्रचारप्रसार<br>१८.८ स्थानीय स्तरको स्रोत केन्द्रहरुको विकास र व्यवस्थापन | २) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,<br>३) कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा,टेवा, सीप विकास र सशक्तीकरण,<br>४) बिउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरुको आपूर्ति, उपयोग र नियमन,<br>५) कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय संघसंस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,<br>६) स्थानी यस्तरमा कृषि सम्वन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,<br>७) कृषि सम्वन्धी सूचना प्रचार प्रसार,<br>८) स्थानीय स्तरका स्रोत केन्द्रहरुको विकास र व्यवस्थापन,<br>९) प्राङ्गारिक खेती तथा मलको प्रवर्धन र प्रचारप्रसार,<br>१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य। |
| **१९. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा (अनुसूची ९(५), अनुसूची ९(७) समेतबाट)** | **ध. खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा** |
| १९.१**खानेपानी**<br>१९.१.१ स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br>१९.१.१ खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन सम्बन्धी<br>१९.२ **सानाजलविद्युतआयोजना,**<br>१९.२.१ साना जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>१९.२.२ स्थानीय खानेपानी, साना जलबिद्युत आयोजना, वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड र योजना, कार्यान्वयन र नियमन<br>१९.२.३ स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन<br>१९.२.४ खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन<br>१९.२.५ स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत-संभार सेवा शुल्क निर्धारण र संकलन व्यवस्थापन<br>१९.२.६ स्थानीय तटबन्ध नदी तथा पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन | १) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br>२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,<br>३) एक मेगावाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानून, मापदण्ड,योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,<br>४) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, नियमन,<br>५) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन, अनुगमन र नियमन,<br>६) स्थानीय तहमा वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिबृध्दि र प्रवर्दन,<br>७) खानेपानी साना जलविध्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य । |

| | |
|---|---|
| | ४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,<br>५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,<br>६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य । |
| **१७. बेरोजगारको तथ्यांक संकलन अनुसूची ८(१७)** | **थ. बेरोजगारको तथ्यांक संकलन** |
| १७.१ रोजगार र बेरोजगारको तथ्यांक संकलन, प्रशोधन रसूचना प्रणाली<br>१७.२ विदेशी श्रमिकको सूचना व्यवस्थापन | १) रोजगार तथा बेरोजगार श्रम शक्तिको तथ्यांक संकलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,<br>२) स्थानीय स्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन, तथा सूचना व्यवस्थापन,<br>३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क संकलन तथा व्यवस्थापन,<br>४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रम शक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन,<br>५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,<br>६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,<br>७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनःएकीकरण,<br>८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उध्यमशीलताको उपयोग,<br>९) बेरोजगारको तथ्यांक संकलन सम्बन्धी अन्य कार्य । |
| **१८. कृषि प्रसार को व्यवस्थापन, संचालन र नियन्त्रण** | **द. कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण** |
| १८.१ कृषि प्रसार सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन | १) कृषि प्रसार सम्वन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन,अनुगमन र नियमन, |





| | |
|---|---|
| निर्माण/स्तरोन्नतिका आयोजना पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत, संभार, नियमन<br>११.३ स्थानीय क्षेत्रमा ट्रलीबस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन<br>११.४ राष्ट्रिय रेल पूर्वाधारको उपयोग गरी महानगरीय (मेट्रोसिटी) क्षेत्र भित्र शहरी रेल सेवा सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार,समन्वय र सहकार्य<br>११.५ स्थानीय तहमा यातायात सुरक्षा व्यवस्थापन र नियमन | गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, संभार र नियमन,<br>३) स्थानीय स्तरको सिंचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत संभार, स्तरोन्नति, अनुगमन र नियमन,<br>४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,<br>५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी कार्य । |
| **१२. गाउँसभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन** | **ठ. गाउँसभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन** |
